# निसीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
देविस्थान, बागलुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. ०७९/०८०
च.नं.

मिति :२०७९/११/०२

**न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने बारे अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७९।१०।२३, चलानी नं. ३३५ को पत्रानुसार तथा नेपालको संविधानको धारा ३३, रोजगारीको हक सम्बन्धी ऐन, नियमावली र प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७७ को दफा १८ बमोजिम आगामी आ.व.२०८०/८१ मा यस निसीखोला गाउँपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न हुन इच्छुक बेरोजगार व्यक्तिहरुले मिति २०७९ फागुन १ गते देखि २०७९ फागुन मसान्त भित्र आफु स्थायी बसोबास गरेको वडा कार्यलयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

बेरोजगार व्यक्तिहरुले निवेदन दिँदा उक्त फाराममा उल्लेखित भएका सम्पुर्ण विवरणहरु अनिवार्य रुपमा भरि वडा कार्यलयले प्रमाणित गरेका निवेदनहरुलाई मात्र ई.एम.आई.एस मा दर्ता गरिने हुँदा सो बमोजिम गर्नु हुन अनुरोध छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाईट www.pmep.gov.np बाट वा वडा कार्यलयबाट निशुल्क प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ । साथै निवेदनका लागि आवश्यक कागजातहरु तपशिल बमोजिम रहेका छन् ।

**तपशिल:**

१. निवेदनका साथ निवेदकको नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १ प्रति

२. परिवारका सम्पूर्ण सदस्यको पारिवारिक तथा नागरिकताको विवरण (जन्म मिति, नागरिकता नम्बर, जारी मिति, शैक्षिक योग्यता, रोजगारीको अवस्था),

३.आवश्यकताअनुसार विवाह दर्ता वा बसाईसराई दर्ता प्रमाणपत्रको प्रतिलिपि,

४. निवेदकको सम्पर्क नम्बर र बैंक खाताको विवरण (अनिवार्य) ।

**पुनश्च: गत आ .व मा सूचिकृत निवेदकले समेत यस आ.व मा सूचिकृत हुनका लागि अनिवार्य रुपमा वडाले उपलब्ध गराएको फारम भनुपर्नेछ । सम्पुर्ण प्राप्त निवेदनलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा रोजगार सेवा केन्द्रले प्रविष्ट गरेपछि मात्र आगामी आ.व. को योजना कार्यान्यवन प्रक्रिया अगाडि बढाइने भएकाले फारममा भएका सम्पूर्ण तथ्यांक अनिवार्य रुपमा नभरेको खण्डमा सो आवेदन उपर कुनै कामकारवाही अगाडि बढाउन नसकिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।**

दिलिप कुमार चन्द
नि.प्रमुख प्रशासकीय अधिकृत

दिलिप कुमार चन्द
नि.प्रमुख प्रशासकीय अधिकृत